**निर्णयहरु:-**

१. यस अघिको जिल्ला दैवी प्रकोप उद्धार समितिको विभिन्न बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था र सोको प्रगति समीक्षा गरियो ।

२. सम्भावित विपद्लाई मध्येनजर गरी जिल्लाभित्र आउन सक्ने विपद् रोकथाम, पूर्वतयारी, विपद्को समयमा उद्धार तथा राहतलाई व्यवस्थित बनाउन निम्न कार्यहरुलाई प्राथमिकता साथ कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

क. जिल्लाका सबै स्वास्थ्य चौकीहरुमा औषधी र उपकरण तथा स्वास्थ्यकर्मीहरुको उपस्थिति नियमित बनाउने । साथै सबै स्थानीय तह, कार्यालयहरुबाट हुने विपद्सम्बन्धी काम गर्दा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरेर सम्पादन गर्ने गराउने व्यवस्था मिलाउने ।

ख. सबै सुरक्षा निकायहरु तत्काल परिचालन हुन सक्ने गरी उद्धार टोली तयारी अवस्थामा राख्ने ।

ग. सम्पूर्ण विषयगत सरकारी कार्यालयहरु साथै अन्य संघ संस्थाहरुलाई आवश्यकता परेको बखत तत्काल परिचालन हुन सक्ने गरी पूर्वतयारी अवस्थामा रहने ।

घ. जिल्लाभित्र विभिन्न निकायबाट सञ्चालनमा रहेका एम्बुलेन्सहरुको सम्पर्क नं. तथा रहेको स्थान सहितको विवरण नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाले तयार गरी सरोकारवाला सबै निकायमा उपलब्ध गराउने ।

ङ. बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी जस्ता विपद्का घटनाहरु र सोबाट हुने क्षतिका सम्बन्धमा जनचेतना फैलाउनुका साथै विपद्का घटनाहरुबाट हुन सक्ने सम्भावित जोखीम न्यूनीकरण गर्न विपद्पूर्व, विपद्को अवस्था र विपद् पश्चात स्वतः परिचालित हुने गरी स्थानीय विपद् व्यवस्थापन समितिहरु र सुरक्षा निकायहरु सबैले समन्वय गरी आ-आफ्नो कार्यलाई थप प्रभावकारी बनाउने ।

च. सबै प्रकृतिका विपद् पूर्व तयारीका लागि आवश्यक सामाग्री तथा औजार खरिद गरी वा गरी सकेका सामाग्री उपकरण तत्काल प्रयोग गर्न सकिने गरी सहज स्थानमा वा सुरक्षा निकायमा भण्डार गर्ने, विपद् व्यवस्थापनका कार्यलाई थप प्रभावकारी बनाउने कार्यमा आपसी समन्वयका साथ स्थानीय विपद् व्यवस्थापन समिति, नेपाली सेना भैरवी दल गण, नेपाल प्रहरी, सशस्त्र प्रहरी हिमशिखर गुल्म तत्काल परिचालित हुने गरी तयारी अवस्थामा रहने ।

छ. आ-आफ्नो क्षेत्रमा प्राकृतिक विपद्का हिसाबले उच्च जोखीम रहेका मानव बसोबास एवं बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानन्तरण गर्ने कार्यलाई प्राथमिकतापूर्वक अगाडी बढाउने कार्य सम्बन्धित नगरपालिका/गाउँपालिकाले गर्ने र सो कार्यमा सरकारी निकाय, सुरक्षा निकाय, राजनीतिक दल, गैरसरकारी संस्था तथा निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाले सहयोग पुऱ्याउने ।

३. विपद्को समयमा आवश्यक पर्ने डोजर, स्काभेटर, एबुलेन्स लगाएतका सामाग्रीहरुको विवरण अद्यावधिक गरी राख्न, मर्मत गर्नु पर्ने भए मर्मत गरी दुरुस्त अवस्थामा राख्न सडक डिभिजन कार्यालय र जिल्ला स्वास्थ्य कार्यालयलाई निर्देशन दिने ।

४. वर्षादको समयमा विभिन्न महामारीजन्य रोगहरु फैलने सक्ने सम्भावनालाई दृष्टिगत गरी जिल्ला स्तरीय RRT र स्थानीय स्तरको RRT लाई सक्रिय रुपमा परिचालन गर्ने र आवश्यक औषधी खरिद गरी

स्थानीय RRT केन्द्रमा समेत बफर स्टकको व्यवस्थापन गर्न सक्ने गरी जनशक्ति सहित तयारी अवस्थामा रहन स्थानीय तह र जिल्ला स्वास्थ्य कार्यालयलाई अनुरोध गर्ने ।

५. अद्यावधी गरिएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,२०७५ कार्यान्वयनका लागि सबै स्थानीय तहमा अनुरोध गर्ने ।

६. जिल्लामा हुनसक्ने विपद्का घटनामा पूर्वसचेतता अपनाउन र कुनै घटना भएमा सम्बन्धित स्थानीय तह तथा नजिकको सुरक्षा इकाइमा तत्काल खबर गर्न सम्बन्धित निकाय तथा सर्वसाधारण सबैमा अनुरोध गर्ने ।

७. मेची राजमार्ग अन्तर्गत राँकेदेखि काबेली सडक खण्डमा Traffic safety को कार्य गर्न, Routine maintenance, specific maintenance, recurrent maintenance अन्तर्गतका सम्पूर्ण कार्यहरु तत्काल गरी यातायात सेवालाई सुरक्षित भरपर्दो बनाउन र विपद् वा अन्य कुनै कारणबाट सडक अवरोध भएमा तत्काल अवरोध हटाई सञ्चालन गर्न आवश्यक पर्ने औजार उपकरणहरु लोडर, ट्रिपर लगायतका अन्य आवश्यक सामाग्रीहरु र जनशक्ति सम्बन्धित क्षेत्रमा तयारी अवस्थामा राख्न डिभिजन सडक कार्यालय, ईलामलाई निर्देशन दिने ।

८. विपद्को समयमा सहज रुपमा प्रयोग गर्न सकिने गरी जिल्ला~~का~~ सदरमुकाम जोडिने सडक, भित्री सडकहरु मर्मत सम्भार गर्न, सडक सुरक्षाका उपायहरु अवलम्बन गर्न सम्बन्धित कार्यालय र स्थानीय तहका प्रमुखज्यूहरुमा अनुरोध गर्ने ।

९. नेपाल प्रहरी र सशस्त्र प्रहरी हिमशिखर गुल्मलाई विपद्को समयमा आवश्यक पर्ने पेश भए बमोजिमका सामान नेपाल प्रहरीलाई फिदिम नगरपालिकाले र सशस्त्र प्रहरी बललाई अन्य स्थानीय तहहरुले उपलब्ध गराई सहयोग गर्ने ।

१०. मिति २०७४।११।२० गतेको बैठकको निर्णय अनुसार फालेलुङ गाउँपालिकामा पहिरो प्रभावित बस्ती स्तानन्तरण गर्ने सम्बन्धी अध्ययन गर्न जिल्ला प्राविधिक कार्यालय, पाँचथरका प्रमुख श्री जयराम श्रेष्ठज्यूको संयोजकत्वमा गठित समितिले हालसम्म स्थलगत अध्ययन गरी प्रतिवेदन पेश हुन नआएकोले १५ दिनभित्र स्थलगत अध्ययन गरी यथार्थ प्रतिवेदन पेश गर्न पुनः निर्देशन दिने ।